# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, मंसिर २० गते, २०७६ साल (संख्या ९

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सार्वजनिक खरिद नियमावली, २०७६, लाई संशोधन गर्न बनेको नियमावली**

खाँडादेवी गाउँपालिका

**प्रस्तावनाः** सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम " सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. सार्वजनिक खरिद नियमावली, २०७६ को नियम २ मा संशोधनः**

सार्वजनिक खरिद नियमावली, २०७६ ( यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को बुँदा (स) पश्चात बुदाँ (ह) मा “ अमानत” भन्नाले गाउँपालिका आफैले आन्तरिक राजश्व उठाउने वा कुनै निर्माण कार्य गर्ने सम्झनुपर्दछ भन्ने परिभाषित बुँदा थप गरिएको छ ।

**३. मूल नियमावलीको नियम १०८ मा संशोधनः**

मूल नियमावलीको नियम १०८ मा उपनियम (४) थप गरिएको छः-

“यसरी अमानतबाट आन्तरिक राजश्व उठाउनु पर्दा त्यस्तो काम १०,००,०००/-(रु. दश लाख) नबढाई खण्ड-खण्ड गरी वार्ताबाट काम गर्न सकिनेछ ।“

**४. मूल नियमावलीको नियम १३८ मा संशोधनः**

मूल नियमावलीको नियम १३८ को उपनियम (४) को खण्ड (झ) को बुँदा ५ मा उल्लेखित प्रतिबन्धात्मक वाक्यांश “तर यस नियम

खाँडादेवी गाउँपालिका

बमोजिम बढाबढ गर्दा कबुल अंक तोकिए बमोजिमको न्यूनतम अंक घटी हुन आएमा राजश्व परामर्श समितिको सिफारिसमा नया न्यूनतम अंक कायम गरी पुनः यस नियमावली अनुसारको प्रक्रिया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।" को सट्टा "यस नियम बमोजिम तेश्रो पटक सूचना प्रकशन गर्दा पनि बोलपत्र पर्न नआएमा नियम १०८ को उपनियम (४) बमोजिम आन्तरिक आय उठाउन सक्नेछ।" भन्ने संशोधन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०८।१८**
**प्रमाणीकरण मितिः २०७६।०८।२०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाँउपालिका